आज मिति २०७६ चैत्र २१ गते शुक्रवार गोदावरी नगरपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ को दफा (३) बमोजिम गठित राहत व्यवस्थापन तथा वितरण नगर समन्वय समितिको बैठक सो समितिका अध्यक्ष नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा बसी तपसिलका निर्णयहरु गरियो ।

उपस्थिति :

| | |
|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख |
| सदस्य - श्री मुना अधिकारी | नगरउपप्रमुख |
| सदस्य - श्री कृष्ण प्रसाद जैसी | प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | डा अध्यक्ष वडा नं ४ |
| सदस्य सचिव - श्री शिला खनाल | लेखा अधिकृत |

**निर्णय नं १.** विश्वव्यापी महामारी रुपमा फैलिरहेको कोरोना भाइरसवाट हुने जोखिम न्यूनीकरणका लागि नेपाल सरकारको निर्णय अनुसार लकडाउन भए पश्चात सोबाट प्रभावित अशक्त, अपाङ्गता रहेका व्यक्ति र ज्यालादारी मजदुरहरुलाई राहत सामाग्री व्यवस्थापन गर्नुपर्ने भएकोले यस नगरपालिकाभित्र राहत सामाग्री उपलब्ध गराउन सक्ने देखिएका तपसिलका प्रा.लि.हरुसँग देहायका सामाग्रीहरु के कति मूल्यमा कुन कुन स्थानवाट उपलब्ध गराउन सक्छन, दरभाउपत्र माग गर्ने निर्णय गरियो ।

तपसिल :

श्री सफ्ट ग्रिन ट्रेडिङ्ग प्रा.लि., चापागाउँ

श्री लसकुस ट्रेडिङ्ग प्रा.लि., चापागाउँ

श्री आर एण्ड एम ट्रेडिङ्ग प्रा.लि., चापागाउँ

राहत सामाग्रीको विवरण :

| क्र. सं. | विवरण | सामानको किसिम - गुणस्तर) | परिमाण | प्रति ई. मूल्य | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चामल | | | | | |
| २ | दाल | | | | | |
| ३ | नुन | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | खाने तेल | | | | | |
| ५ | साबुन | | | | | |
| ६ | चिउरा | | | | | |
| ७ | मस्यौरा | | | | | |